# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।१७ गते

# प्रेस विज्ञप्ति
## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको।

---------------------------------------------------------------

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जामा कार्यरत इन्जिनियर (आठौं तह) वासी अख्तर मोहम्मदले खानेपानी आयोजनाको भुक्तानी दिएकोमा विभिन्न बहाना बनाई सेवाग्राहीसँग कमिशन वापत घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट खटिई गएको टोलीले निज इन्जिनियर वासी अख्तर मोहम्मदलाई सेवाग्राहीसँग रू.४,००,०००।–(चार लाख) घुसबापतको रकम लिइसकेको अवस्थामा पुतलीबजार वडा नं.१ स्थित इग्लिस वोर्डिङ स्कुल नजिकबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता